आज मिति २०७९।११।११ गते बुधबारका दिन विहान ०७:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरू | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | लेखा अधिकृत | |
| ३ | झमक भट्टराई | अधिकृत छैठौं | |
| ४ | कृष्ण न्यौपाने | एम.आई.एस अपरेटर | |
| ५ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |
| ६. | कृष्ण प्र. आचार्य | नगर प्र. स्व. सहायक | |



CamScanner

प्रस्तावहरू

१. अघिल्लो बैठकको समीक्षा र अनुमोदन सम्बन्धमा ।
२. कवड हल निर्माण सम्बन्धमा ।
३. वडा नं. ४ का साना आयोजना संचालन सम्बन्धमा ।
४. विपद् व्यवस्थापन गण प्रहरी इकाइका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा ।
५. प्रदेश प्रहरी अस्पताललाई आवास उपलब्ध गराउने सम्बन्धमा ।
६. करार सेवा निर्वृत्त कर्मचारीहरूको सुविधा अनुमोदन सम्बन्धमा ।
७. राष्ट्रपति रनिङ सिल्डका लागि लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।
८. झुलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।
९. संस्था दर्ता सम्बन्धमा ।
१०. वडा नं. ५ मा ह्युम पाईप उपलब्ध गराउने सम्बन्धमा ।
११. नगर अस्पताल र प्राथमिक स्वास्थ्य चौकीमा चिकित्सक व्यवस्थापन सम्बन्धमा ।
१२. नदी नियन्त्रण सम्बन्धमा ।
१३. घ वर्ग ईजाजत सम्बन्धमा ।
१४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।
१५. निर्माणाधिन सडक सम्बन्धमा ।
१६. वडा कार्यालय घेरावारा र सटर निर्माण कार्यको रकम भुक्तानी सम्बन्धमा ।
१७. कल्भर्ट निर्माण सम्बन्धमा ।
१८. पैनी निर्माण सम्बन्धमा ।
१९. सडक निर्माण सम्बन्धमा ।
२०. ट्युबवेल तथा जस्तापाता खरिद तथा वितरण सम्बन्धमा ।
२१. नगर कार्यपालिकाको घेरावारा सम्बन्धमा ।
२२. बजारको टहरा निर्माण सम्बन्धमा ।
२३. भूउपभयोग आधारपत्र पारित सम्बन्धमा ।
२४. भूउपयोग इकाइ गठन सम्बन्धमा ।
२५. योजना तथा कार्यक्रमको अनुमोदन सम्बन्धमा ।
२६. आधारभूत तह कक्षा – ५ र ८ को परीक्षा सञ्चालन सम्बन्धमा ।



CamScanner

**निर्णयहरू**

**निर्णय नं. १.** मिति २०७९।०९।२६ गते सम्पन्न कार्यपालिको बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

**देहाय**

| क्र.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | २ | समसामयिक विधेयकहरू सम्बन्धमा । | भएको | |
| २. | ३ | कार्यविधि संशोधन सम्बन्धमा । | भएको | |
| ३. | ४ | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा । | भएको | |
| ४. | ५ | राजस्व परामर्श समितिको सिफारिस सम्बन्धमा । | भएको | |
| ५. | ६ | आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा । | भएको | |
| ६. | ७ | आ.व. २०७९/८० का लागि सडक बोर्डको आयोजना छनौट सम्बन्धमा । | भएको | |
| ७. | ८ | म्याद थप सम्बन्धमा । | भएको | |
| ८. | ९ | विस्तृत आयोजना प्रस्ताब सम्बन्धमा । | भएको | |
| ९. | १० | संघीय सरकारसँग आ.व. २०८०/८१ का लागि आयोजना प्रस्ताब गर्ने सम्बन्धमा । | भएको | |
| १०. | ११ | प्रदेश सरकारसँग आ.व. २०८०/८१ का लागि आयोजनाको समपुरक कोष सम्बन्धमा । | प्रदेश सरकारबाट सूचना प्रकाशन नभएकाले नभएको । | |
| ११. | १२ | योजना तथा कार्यक्रमको अनुमोदन सम्बन्धमा । | भएको | |
| १२. | १३ | समितिको पूर्णता सम्बन्धमा । | भएको | |
| १३. | १४ | निर्णयमा भएको खर्च स्वीकृत / अनुमोदन सम्बन्धमा । | भएको | |
| १४. | १५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन सम्बन्धमा । | खरिद प्रकृया छनौटको अन्तिम चरणमा रहेको । | |
| १५. | १६ | जनता माध्यमिक विद्यालय, बेलबारी ९ मा नवनिर्मित भवनको उद्घाटन कार्यक्रम सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| १६. | १७ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सम्बन्धमा । | सार्वजनिक भएको । | |
| १७. | १८ | बेलबारी नगरपालिकाको प्रशासनिक भवनको अन्तिम भुक्तानी सम्वन्धमा । | भएको । | |
| १८. | १९ | Cold Storage को कार्यप्रारम्भ सम्बन्धमा । | ठेकेदारलाई ताकेता गरिएको । | |
| १९. | २० | नदीजन्य पदार्थको मौज्दात तथा भण्डारण सम्बन्धमा । | हुन नसकेको । | |
| २०. | २१ | गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरणको गणकहरूको रकम भुक्तानी सम्बन्धमा । | भइरहेको । | |



CamScanner

| क.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| २१. | २२ | भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचका लागि बजेट व्यवस्थाप सम्बन्धमा । | भइरहेको । | |
| २२. | २३ | बेलबारी क्रिकेट क्लबलाई रकम थप सम्बन्धमा । | भएको । | |
| २३. | २४ | संस्था दर्ता सम्बन्धमा । | भएको । | |
| २४. | २५ | राष्ट्रिय परिचयपत्रको विवरण संकलनका कर्मचारीलाई थप सुविधा सम्बन्धमा । | भइरहेको । | |
| २५. | २६ | स्थानीय प्रोफायलका लागि तथ्याङ्क संकलनकको सूविधा सम्बन्धमा । | भइरहेको । | |
| २६. | २७ | कोभिडबाट मृत्यु भएका नागरिकलाई राहात वितरण सम्बन्धमा । | भएको । | |
| २७. | २८ | नगर अस्पतालबाट विषेशज्ञ सेवा सञ्चालन सम्बन्धमा । | भइरहेको । | |
| २८. | २९ | नगर अस्पताल जाने सडक निर्माण सम्बन्धमा । | निर्माण सम्पन्न । | |
| २९. | ३० | बेरूजु समपरीक्षण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| ३०. | विविध क | "घ" वर्ग ईजाजत सम्बन्धमा । | भएको । | |
| ३१. | विविध ख | वहुवर्षीय ठेक्का सूचना । | भएको । | |
| ३२. | विविध ग | बेलबारी बहुमुखी क्याम्पसको प्रगती विवरण · | माग गरेको । | |

निर्णय नं. २. कवड हलः- चालु आ.व.का लागि १ नं. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट मिति २०७९/१०/१५ चलानी नं. ६२४ को पत्रबाट रू दश लाख बेलबारी फुटवल रंगशाला, राधानगर बेलबारीका नाममा प्राप्त भएको । उक्त रकम कार्य बेलबारी फुटवल रंगशाला, राधानगर (गैंथली चौक) मा रहेको अधुरो कवड हल निर्माणका लागि खर्च गर्ने उपभोक्ता समिति गठन गरी सम्बन्धित मन्त्रालयमा सिफारिस गरी पठाइएको हुँदा सोलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. साना आयोजनाः- बेलबारी नगरपालिका वडा नं. ४ को भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजित स-साना आयोजना तथा मर्मत सम्भार उपशिर्षक अन्तर्गत रकम रू ५०,०००/- देखि रकम रू १,५०,०००/- सम्मका १६ वटा आयोजनामा रकम विनियोजन गरेको हुँदा खरिद प्रकृया सञ्चालन गर्न कठिनाई भएको छ । तसर्थ उल्लेखित आयोजनामध्ये कार्य प्रारम्भ नभएका आयोजनाहरूलाई आवश्कयता तथा औचित्यताका आधारमा एकीकरण गरी उपभोक्ता समिति मार्फत कार्यसञ्चालन गर्न गराउन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ४.विपद व्यवस्थापन गणः- नेपाल प्रहरीले यस नगरपालिकाको वडा नं. ११ पूर्व पश्चिम लोकमार्ग दक्षिण लक्ष्मीमार्ग खोला सँगै रहेको जग्गामा विपद व्यवस्थापन गण स्थापना प्रदेश ट्राफिक कार्यालय र प्रहरी कल्याणकारी सेवा इकाइद्वारा पेट्रोल पम्प स्थापना तथा संचालनका लागि यस नगरपालिका समक्ष सिफारिसका माग गरेकोमा यस अघिकै कार्यपालिका वैठकबाट सम्वन्धित सामुदायिक वन समिति समेतको सिफारिसका आधारमा उक्त स्थानमा माग भए बमोजिमका इकाइ स्थापना र संचालनका लागि सिफारिस गरिएकोमा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, ईटहरी, सुनसरीको चालनी नं. २८२० मिति २०७९/१०/२७ गतेको पत्रबाट उल्लेखित जग्गाको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरीदिन माग भएकोमा नगरपालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम परामर्श सेवा खरिद गरी कार्य प्रारम्भ गरेको सोलाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।



CamScanner

निर्णय नं. ५. १ नं. प्रदेश प्रहरी अस्पतालः- मिति २०७९/११/१० गते बेलबारी नगरपालिका वडा नं. ३ स्थित साविकको ईलाका प्रहरी कार्यालयमा समुदघाटन भएको १ नं. प्रदेश प्रहरी अस्पतालले चलानी नं. ३ मिति २०७९/११/११ को पत्रद्वारा स्वास्थ्यकर्मीहरू बसोबास गर्ने आवासगृहको अभाव भएको भनी सात जना जनस्वास्थ्यकर्मीका लागि आवासगृह उपलब्ध गराउन माग गरेकोमा प्रहरी अस्पताललाई पायक पर्ने स्थानमा आवास प्रयोजनका लागि घर भाडा व्यवस्थापन गर्ने सोका लागि स्रोत स्थानीय प्रहरी सुरक्षा सहयोग कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ६. बेलबारी नगरपालिकामा नगर प्रहरी वल र वारूदयन्त्र व्यवस्पान कार्यका लागि सेवा करारमा कार्य गरी सेवा निर्वृत्त भएका कर्मचारीहरूलाई नगर प्रमुख स्तरीय मिति २०७९/०९/२९ गतेको निर्णयानुसार उपलब्ध गराइएको देहाय बमोजिमको सुविधा स्वीकृत / अनुमोदन सम्बन्धमा ।

| क्र.स. | पद | नाम | सुरू नियुक्ती मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | असिष्टेन सहायक निरीक्षक | सल बहादुर गुरूङ | २०७७/०९/१६ | १,२५,०००/- | |
| २ | नगर प्रहरी जवान | भरत प्रसाद भट्टराई | २०७५/०९/०१ | १,७५,०००/- | |
| ३ | नगर प्रहरी जवान | पुष्प थापा | २०७७/०९/१६ | १,२५,०००/- | |
| ४ | अग्नी निरोधक | विसाल सुहाङ | २०७७/०९/१६ | १,२५,०००/- | |

निर्णय नं. ७. राष्ट्रपति रनिङ सिल्डः- राष्ट्रपति रनिङ सिल्डकपका लागि पेस भए बमोजिमको लागत अनुमान स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८. झुलुङ्गे पुलः- बेलबारी नगरपालिका देहाय बमोजिमको देहायका स्थानहरूमा सहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, पुलचौक समक्ष माग गर्ने निर्णय गरियो ।

| क्र.स. | वडा नं. | आयोजना सञ्चालन गर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ४ | गडी गाउँदेखि हरैंचा जोड्ने लोहन्द्रा खोलामा | सुन्दरहरैंचा नगरपालिका र बेलबारी नगरपालिका जोड्ने |
| २ | वडा नं. ५ र ६ | मोहनडाँगी बोरावाध जोड्ने केशलिया खोलामा | |
| ३ | वडा नं. ६ | विरेन्द्र स्कुल पछाडि धैती खोलामा | |
| ४ | वडा नं. ५ र ६ | जरूवाटोल देखि साठी विघा जोड्ने केशलिया खोलामा | |
| ५ | वड नं. १ र २ | अमना सिशौली र रमित पर्यटकीय क्षेत्र जोड्ने लोहन्द्रा खोला | |

<u>निर्णय नं. ९.</u> संस्था दर्ताः- कानुन बमोजिम रित पुर्याई नगरपालिमा आवेदन गरेको सम्बन्धमा सम्बन्धित शाखाले जाँच गरी स्वीकृती/दर्ताका लागि पेस भए बमोजिम देहाय बमोजिमका संस्था दर्ता गर्न सम्बन्धित शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | ठेगाना | कार्यालय रहने स्थान | अध्यक्षको नाम तथा पदाधिकारीहरुको संख्या |
|---|---|---|---|---|
| १ | लामिछाने बन्धु समाज नेपाल | बेलबारी-११ | बेलबारी-११ | लोकनाथ लामिछाने, संख्या ९ जना |
| २ | सयपत्री युवा क्लव | बेलबारी-४ | बेलबारी-४ | कमानसिंह गुरूङ, संख्या ११ जना |
| ३ | बाहुनी फुटबल क्लव | बेलबारी-७ | बेलबारी-७ | प्रेम तामाङ, संख्या ११ जना |



CamScanner

निर्णय नं. १०. ह्युम पाईपः- बेलबारी नगरपालिका वडा नं. ५ को दरलोकना खोलामा पुल नहुँदा आवतजावत गर्न कठिनाई भएको छ । तसर्थ उक्त खोलाको भकारी झोडा जोड्ने स्थानमा ९० सेन्टिमिटरको थान ४ ह्युम पाईप उपलब्ध गराई आवतजातका लागि ह्युम पाईप कल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११. चिकित्सक व्यवस्थापनः- बेलबारी नगरपालिकाबाट सञ्चालित नगर अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रको सेवालाई थप व्यवस्थित र स्तरीय बनाउन अर्को व्यवस्था नभएकासम्मका लागि दुई जना चिकित्सक करार सेवाद्वारा देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

क. लोकसेवा आयोगबाट आठौं तहको चिकित्सकको परीक्षाको योग्यताक्रममा वैकल्पिक वा अस्थायी योग्यता क्रममा परेका उम्मेदवारका लागि सात दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र छनौटको आधारमा योग्यताक्रम हुने ।

ख. क बमोजिम कुनै पनि उम्मेदवारको छनौट नभएमा प्रचलित कानुन बमोजिम गर्ने ।

ग. क वा ख बमोजिम छनौट भएका उम्मेवारसँग सम्झौता गर्दा प्रदान गरिने सेवा सुविधा सम्बन्धित तहले प्रचलित कानुन बमोजिम प्राप्त गर्ने सेवा सुविधा बमोजिम प्रदान गर्ने ।

घ. उल्लेखित सेवा सुविधा सम्बन्धित स्वास्थ्य ईकाईबाट व्यहोर्ने । यदी सम्भव नभएमा नगरपालिकाबाट व्यहोर्ने ।

निर्णय नं. १२. लोहन्द्र खोला नियन्त्रणः- बेलबारी नगरपालिका पूर्व पश्चिम लोकमार्गको लोहन्द्रा पुल उत्तर पूर्व खोलाले कटान गरेको क्षेत्रबाट थप कटान हुन नदिनका लागि खोला जालीढुङ्गा लगाई खोला तटबन्धन गर्न उपभोक्ता समितिबाट कार्य गर्ने गरी नगर प्रमुख स्तरीय निर्णयबाट रकम रु २५,००,०००/- अक्षरेपि पच्चिस लाख मात्र रकम स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३. "घ" वर्ग ईजाजत - "[illegible]" वर्ग निर्माण ईजाजतका लागि श्री पी.वी. ईन्जिनियरीङ एसोसिएट प्रा.लि, मुख्य कार्यालय विराटनगर, शाखा कार्यालय बेलबारी १ ले दिएको निवेदन बमोजिम बेलबारी नगरपालिका निर्माण व्यवसायी ईजाजत व्यवस्थापन कार्यविधि २०७५ को दफा ३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका देहाय बमोजिमका विद्यालयहरूमा देहाय बमोजिम कार्यक्रम सञ्चालन गरी खरिद प्रकृया अघी बढाउन निर्देशन दिइएकोमा उक्त कार्यसम्पन्न गर्नका लागि बजेट भन्दा बढी लागत अनुमान भएकोमा उक्त कार्यका लागि लागत अनुमान स्वीकृत / अनुमोदन गरी बमोजिम बहुवर्षीय ठेक्का सूचना प्रकाशन गर्ने साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि प्राप्त रकम बराबरको कार्य चालु आर्थिक वर्षमा नै सम्पन्न गर्ने गरी कार्य गर्ने/गराउने र सम्झौता रकममा अपुग रकम आगामी आर्थिक वर्ष २०८०/०८१ को क्रमागत योजनामा राखी भुक्तान गर्ने निर्णय गरियो ।

| क. स. | कार्यक्रम स्वीकृत विद्यालयको नाम | छनौट भएको योजनाको नाम | प्राप्त अनुदान रकम रू | लागत अनुमान रू (मु.अ.कर र कन्टिजेन्सी सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री कवीर माध्यमिक विद्यालय बेलबारी २ | ४ कोठे भवन | ४५,००,०००/- | ७२४३००२.५२ | विद्युतीय माध्यमबाट बहुवर्षीय भनि ठेक्का सूचना प्रकाशन गर्ने । |
| २ | श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी १० | २ कोठे भवन | २२,५०,०००/- | ४७२९७०५.५२ | |
| ३ | श्री विरेन्द्र माध्यमिक विद्यालय बेलबारी ६ | २ कोठे भवन | २२,५०,०००/- | ..... | निर्माण सम्पन्न भएको भवनको माथिल्लो तल्लामा ट्रष्ट निर्माण |



CamScanner

| क्र.स. | कार्यक्रम स्वीकृत विद्यालयको नाम | छनौट भएको योजनाको नाम | प्राप्त अनुदान रकम रू | लागत अनुमान रू (मु.अ.कर र कन्टिजेन्सी सहित) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | उपभोक्ता समितिबाट गर्ने। |

निर्णय नं. १५. निर्माणाधिन सडक सम्बन्धमाः (क) बेलबारी नगरपालिका वडा नं. २ मा रहेको शुक्रपथ उत्तर कालोपत्रे मार्मतको कार्य श्री जय भवानी निर्माण सेवा सँग सम्झौता भएको । उक्त कार्यको लागत अनुमान तयार गर्दा ३५० मिटर लम्बाई र ४.५ मिटर चौडाई कायम गरी स्वीकृत भएको । उक्त स्थानमा सवारी साधनको चाप, नागरिकको माग बमोजिम उक्त कालोपत्रे निर्माण गर्दा घटिमा ३१५ मिटर लम्बाई र ५ मिटर चौडाई कायम गरी निर्माण गर्ने कार्यदिश दिइएकोमा सोलाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) बेलबारी नगरपालिका वडा नं. ६ मा रहेको चतरा मुल नहरको सोमबारे चौक देखि दक्षिण झर्ने बरयाती शाखा नहरमा कालोपत्रे गर्नका लागि चालु आर्थिक वर्षमा ठेक्का सम्झौता भएको । उक्त कालोपत्रे गर्ने क्रममा नहरको पानीको वहाव क्षेत्र तर्फ साल बसाली रूपमा नहर सफा गर्नका लागि तीन मिटर क्षेत्र छोड्नु पर्ने भएको हुँदा साविकमा ५ मिटर कालोपत्रे गर्ने गरी लागत अनुमान स्वीकृत गरी रितपूर्वक सम्झौता भएकोमा स्थानीय सडकको अवस्था समेतका आधारमा दुवै तर्फ गरी ०.५ मिटर छोडी ४.५ मिटर चौडाई कायम हुने गरी सडक निर्माण गर्ने प्रकृया भएकोमा सोलाई स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६. वडा कार्यालय घेरावारा र सटर निर्माण कार्यको रकम भुक्तानीः बेलबारी नगरपालिका वडा नं. ५ मा आर्थिक वर्ष २०७८/७९ मा वडा कार्यालय घेरावारार सटर निर्माणका लागि उपभोक्ता समितिसँग सम्झाता भएकोमा उल्लेखित कार्य उक्त समयमा कार्य सम्पन्न हुन नसकी चालु आर्थिक वर्ष २०७९/८० मा कार्यसम्पन्न भई भुक्तानीका लागि माग भएकोमा माग भए बमोजिम रकम रू ६,३३,८९२.३४/- अक्षेरेपि छ लाख तेत्तिस हजार आठ सय बयानब्बे रूपैया चौतिस पैसा मात्र नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १७. कल्भर्ट निर्माण सम्बन्धमाः बेलबारी नगरपालिकाको देहाय बमोजिमको वडा कार्यालयमा देहायका स्थानमा उपभोक्ता समितिबाट कलभर्ट निर्माण गर्ने र उपभोक्ता समितिबाट कार्य नहुने भएमा बहुवर्षीय रूपमा ठेक्का सूचना प्रकाशन गरी कार्य अघि बढाउने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.स. | वडा नं. | नाम | लागत अनुमान रकम रु | उपभोक्ताबाट साझेदारी रू | नगरपालिका व्यहोर्ने रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ६ र ९ | वडा नं. ६ र ९ को सिमानामा कल्भर्ट निर्माण (सोमबारे श्रीपुर) | १७००९२८.१७ | ३०६१६७.०७ | १३९४७६१.१० | रकम व्यहोर्ने स्रोतः नगरसभाबाट सम्बन्धित शिर्षकमा विनियोजित रकम । |
| २. | ७ र ८ | वडा नं. ७ र ८ को सिमानामा कल्भर्ट निर्माण (गयलडाँडा) | १२३१०३८.४५ | २२१५८६.९२ | १००९४५१.५३ | |
| ३. | ८ | सिमाना चौक पूर्व शिवालय मन्दिर जोड्ने सडक भवनाथ सुवेदीको घर अगाडी कल्भर्ट निर्माण | १४३४१००.३५ | २५८१३८.०६ | ११७५९६२.२९ | |



CamScanner

| क्र.स. | वडा नं. | नाम | लागत अनुमान रकम रु | उपभोक्ताबाट साझेदारी रू | नगरपालिका व्यहोर्ने रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| ४. | ८ | दोगडेहुँदै थापासिंह महाराज थान कल्भर्ट निर्माण | ७८२०७४.८२ | १४०७७३.४७ | ६४१३०१.३५ | |
| ५. | ८ | राधानगर जनता मा.वि. अगाडि स्लाब कल्भर्ट निर्माण | ७०८००५.५० | १२७४४०.९९ | ५८०५६४.५१ | |
| ६. | १० | नारायणचौक पश्चिम कल्भर्ट निर्माण | ८२६६८५.४५ | १४८८०३.३८ | ६७७८८२.०७ | |

नोटः क्र.स. १ को हकमा वडा नं. ९ ले वडा नं. ६ सँग समन्वय गरी उपभोक्ता समिति गठन गर्ने साथै अन्य प्रकृयागत कार्यहरू गर्ने र क्र.स. २ को हकमा वडा नं. ७ ले वडा नं. ८ सँग समन्वय गरी उपभोक्ता समिति गठन गर्ने साथै अन्य प्रकृयागत कार्यहरू गर्ने ।

निर्णय नं. १८. पैनी निर्माण सम्बन्धमाः बेलबारी नगरपालिकाको देहाय बमोजिमको वडा कार्यालयमा देहायका स्थानमा उपभोक्ता समितिबाट पैनी निर्माण गर्ने र उपभोक्ता समितिबाट कार्य नहुने भएमा बहुवर्षीय रूपमा ठेक्का सूचना प्रकाशन गरी कार्य अघी बढाउने निर्णय गरियो ।

देहाय

| क्र.स. | वडा नं. | नाम | लागत अनुमान रकम रु | नगरपालिका व्यहोर्ने रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | वरडाँगी सिँचाई बाँध पैनी निर्माण | ९९१७३२.४६ | ६००००० | स्रोत संघीय विषेश अनुदान |
| २. | २ | क्रिस्ती खोला मितेरी पुलको बाँध निर्माण | | ५००००० | |
| ३. | ४ | वडा नं. ४ बेतना लाम्पानी पैनी निर्माण | १५००००० | ११००००० | |
| ४. | ४ | केसलिया सिँचाई बाँध निर्माण | ४३८०१६३.०२ | १५००००० | |
| ५. | ४ | वडा नं. ४ यलम्बरचौक पूर्वको बेतना सेक्टर शाखामा पैनी संरक्षण | ८६५४२५३.०३ | ५००००० | |
| ६. | १० | नारायणचौक पश्चिमबाँध निर्माण | ४८७६७०.७० | ३००००० | |
| ७. | १० | कुईरीखोलामा सिँचाईका लागि बाँध निर्माण | २६८८२४.६४ | २००००० | स्रोत न.वि.यो. किताबको ३९५ नं. नगरस्तरिय पूर्वाधारबाट व्यहोर्ने । |
| ८. | १ | कुलो पैनी लाईनिङको व्यवस्था साथै मुहान निर्माण | | २००००० | |
| ९. | ९ | धैतीखोला पूर्व सिँचाई पैनी मर्मत | ५७४३३५.२५ | २५०००० | |

निर्णय नं. १९. सडक निर्माणः बेलबारी नगरपालिका वडा नं. १ बेलबारी नगर अस्पतालबाट दक्षिण बेलबारी चौक जोड्ने सड ब्लक लगाउने कार्य गर्नका लागि विनियोजन भएको रकमको कार्य उपभोक्ता समितिद्वारा सञ्चालन गर्ने । उक्त क लागि रकम अपुग हुने भएमा अस्पतालबाट पश्चिम पुरानो बजार जोड्ने सडकका लागि विनियोजन भएको सड व्यहोर्ने निर्णय गरियो ।



CamScanner

निर्णय नं. २०. ट्युबवेल तथा जस्तापाता खरिद सम्बन्धमा: ट्युबवेल तथा जस्तापाता खरिदका लागि विनियोजित भएको रकमलाई मर्ज गरी सार्वजनिक खरिद नियमालवी २०६४ को नियम ८५ को उपनियम १ बमोजिम खरिद प्रकृया अघि बढाउने र माग भएमा आवेदनहरूको स्थलगत अवस्थाको निरीक्षण गरी गराई आवश्यकता, क्षमता र औचित्यत्यताका आधारमा प्रति आवेदक/परिवार/समुहलाई देहाय बमोजिम ट्युबवेल तथा जस्तापाता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | प्रदान गरिने सामाग्री | उपभोक्ताको साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी ट्युबवेल | • न्यूनतम १८ केजीको हेड<br>• न्यूनतम १.५ मिटर जिआई पाईप<br>• १५ मिटर HDI पाईप<br>• निप्पल<br>• वासर | अन्य सामाग्री उपभोक्ता स्वम उपभोक्ता समितिले व्यवस्थापन गरी गाड्नु पर्ने | अति विपन्न वा अपाङ्गता मात्र भएका परिवारको हकमा नगरपालिकाले खानेपानीको ट्युबवेल गाड्ने कार्य समेत गर्न वाधा पुग्ने छैन । |
| २. | जस्तापाता | • हरीयो रंगको<br>• २६ गेज<br>• मिडियम साईज<br>• ३९ एमएम | जस्तापाताद्वारा छाना छाउनेकाम स्वम उपभोक्ताले गर्नुपर्ने । | अति विपन्न वा अपाङ्गता मात्र भएका परिवारको हकमा नगरपालिकाले जस्तापाताद्वारा छानो छाउने कार्य समेत गर्न वाधा पुग्ने छैन । |

निर्णय नं. २१. नगर कार्यपालिकाको घेरावारा: बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा ईको प्रिफ्याक प्रविधिबाट घेरावारा कार्य गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६३ को दफा ८२ बमोजिम खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. २२. बजारको टहरा निर्माण: बेलबारी नगरपालिका वडा नं. ९ मा लाग्ने डागाँ बजारमा टहरा निर्माणका लागि १ नं. प्रदेश सरकार, कृषि मन्त्रालयबाट रू दश लाख प्राप्त भएको । उक्त हाट सार्वजनिक हाटबजार भएकाले उपभोक्ता एकिन हुन नसक्ने हुँदा उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने अवस्था छ । तसर्थ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) खरिद प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २३. भूउपभयोग आधारपत्र: बेलबारी नगरपालिकाको भूवर्गीकरण कार्यका लागि परामर्शदाताबाट पेस भएको भूउपयोग सम्बन्धी आधारपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २४. भूउपयोग इकाइ गठन: बेलबारी नगरपालिकाको १२ औं नगरसभाले स्वीकृत गरेको भूउपयोग ऐन तथा भूउपयोग परिषदले स्वीकृत गरेको भूवर्गीकरण सम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा सहजिकरणका लागि देहाय बमोजिम भुउपभयोग इकाइ गठन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| क्र.स. | पद | शाखा / कर्मचारी | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | भुमी व्यवस्थापन तथा घर नक्सा शाखा प्रमुख | |
| २ | सदस्य | पशु पंशी विकास शाखा प्रमुख | |
| ३ | सदस्य | शहरी पूर्वाधार शाखा प्रमुख | |
| ४ | सदस्य | कृषि विकास शाखा प्रमुख | |
| ५ | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अमिन एक जना | |



CamScanner

निर्णय नं. २५. नगर प्रमुख/उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतस्तरबाट स्वीकृत भई स्वीकृत भई सम्झौताको चरणमा रहेका, सम्झौता भएका, सञ्चालन भएका/सञ्चालनमा रहेका र भुक्तानी भईसकेका देहायका योजनाहरूलाई स्वीकृत / अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | माग गर्ने संस्था / निकाय | विषय | पालिकाबाट प्रदान गरेको /गरिने रकम रु | खर्च शीर्षक नगर) विकास (योजना | कैफियत |
|---|---|---|---|---|---|
| १ | ब्रम्हा कुमारी राजयोग उपसेवा केन्द्र, बेलबारी १ | फर्निचर खरिद (प्लाष्टिक कुर्सि) | ३०,००० | १५९ | |
| २ | बेलबारी साहित्य विकास समिति,बेलबारी | साधारण सभा तथा बेलबारीको साहित्यिक ईतिहास पुस्तकको लोकार्पण | ४५,००० | १५९ | |
| ३ | जे.वि.टुहुरे फाउण्डेसन, शाखा कार्यालय ईटहरी, सुनसरी | जे.वि.टुहुरे स्मृति सन्ध्या २०७९ तथा श्रष्टा सम्मान कार्यक्रम | २५,००० | १५९ | |
| ४ | प्रेस चौतारी नेपाल, जिल्ला कमिटि, मोरङ | पत्रकारहरुको मोरङ जिल्ला भेला | ५०,००० | १५९ | |
| ५ | जे सि आई,बेलबारी जेसिज | जेसीजको सातौ पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम | १,२५,००० | १५९ | |
| ६ | डाँगीहाट जागृति युवा क्लव,बेलबारी ९ | लागु ओषध विरुद्द जनचेतना सम्बन्धि साङ्गितिक कार्यक्रम | ५०,००० | १५९ | |
| ७ | भाउन्ने युथ क्लव,बेलबारी १० | अधुरो भवन निर्माण | २,००,००० | ३९५ | |
| ८ | श्री महेन्द्र मा.वि., बेलबारी १० | विद्यालयको घेराबारा निर्माण | ४,००,००० | १८१ | |
| ९ | ईश्वरीय मार्ग भजन मण्डल सच्चाई केन्द्र, बेलबारी शाखा, बेलबारी १ | भवन निर्माण | १,००,००० | ३९५ | |
| १० | प्रमिला राई (भवन निर्माण समिति), बेलबारी ८ | अधुरो सामुदायिक भवन निर्माण | १,२५,००० | ३९५ | |
| ११ | शिव मन्दिर अष्टजाम कार्यक्रम आयोजक समिति, बेलबारी ७ | अष्टजाम कार्यक्रम सन्चालन | ४०,००० | १५९ | |
| १२ | नेपाल शेर्पा संघ,बेलबारी नगरपालिका कार्य समिति, बेलबारी | गुम्बा निर्माण कार्य | १,००,००० | ३९५ | |
| १३ | श्री नेवा देय् द बू, बेलबारी ७ | सभाहल निर्माण | १,५०,००० | ३९५ | |
| १४ | श्री ज्योतिर्लिङ्गेश्वर भजन मण्डली भवन निर्माण उ.स.,बेलबारी २ | भवन निर्माण | १,५०,००० | १५९ | |



CamScanner

| क्र.स. | माग गर्ने संस्था / निकाय | विषय | पालिकाबाट प्रदान गरेको /गरिने रकम रु | खर्च शीर्षक नगर) विकास (योजना | कैफियत |
|---|---|---|---|---|---|
| १५ | लासाङ छ्योईलिङ बौद्ध गुम्बा (उदेव सिं तामाङ), बेलबारी ८ | बिभिद सामाग्री माग (डम्फु, टुङ्ना, क्यासियो, साउण्ड बक्स, माईकोफोन, स्टेन, बिनायो, मुर्चुङ्गा, मादल | १,००,००० | १५९ | |
| १६ | श्री अखण्ड भजन किर्तन समुह, बेलबारी ८ | बिभिद सामाग्री माग (कुर्सि, एम्प्लीफायर, साउण्डसेट स्पिकर, कराई, तपेश आदी | ५०,००० | १५९ | |
| १७ | दुर्गा मन्दिर व्यवस्थापन समिति, बेलबारी ७ | बिभिद सामाग्री माग (साउण्ड सेट, एम्प्लिफायर, टेन्ट पण्डाल) | १,५०,००० | १५९ | |
| १८ | सिद्दि बिनायक कृतन मण्डलि परिवार, बेलबारी ५ | बाजा सामाग्री माग (बुफर,छाला बाट बनेको डम्फु, पहाडे मादल ठुलो बाट, हारमुनियम) | १,००,००० | १५९ | |
| १९ | स्वर्गिक मार्ग संघ नेपाल | सामाग्री खरीद | ३,००,००० | १५९ | |

निर्णय नं. २६. परीक्षा सम्बन्धमाः बेलबारी नरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयको आधारभूत तह कक्षा – ५ र कक्षा ८ को प्रमाणिकरण परीक्षा सञ्चालनका लागि तपसिल बमोजिम दरको आधारमा परीक्षा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | कार्यक्रमको शिर्षक | प्रति इकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्रश्नपत्र निर्माण | १ | १०००।- | प्रति विषय |
| २. | उत्तरपुस्तिका कोडिङ | १ | ४।- | प्रति उत्तरपुस्तिका |
| ३. | उत्तरपुस्तिका डिकोडिङ | १ | ४।- | प्रति उत्तरपुस्तिका |
| ४. | उत्तरपुस्तिका परीक्षण | | | |
| ४.१ | १०० पूर्णाङ्क | १ | २०।- | प्रति उत्तरपुस्तिका |
| ४.२ | ७५ पूर्णाङ्क | १ | १५।- | प्रति उत्तरपुस्तिका |
| ४.३ | ५० पूर्णाङ्क | १ | १०।- | प्रति उत्तरपुस्तिका |
| ४.४ | ५० भन्दा कमको | १ | ८।- | प्रति उत्तरपुस्तिका |
| ५. | परीक्षा केन्द्र केन्दाध्यक्ष | १ | ४००।- | प्रति दिन |
| ६. | परीक्षा केन्द्र सहायक केन्दाध्यक्ष | १ | ३००।- | प्रति दिन |
| ७. | निरिक्षक | १ | २००।- | प्रति दिन |
| ८. | परीक्षाकेन्द्र मसलन्द | १ | २०००।- | प्रति केन्द्र |
| ९. | परीक्षा आवेदन फारम, रुजु, सिम्बल नं. कायम र प्रमाणिकरण | १ | १०।- | प्रति फारम |
| १०. | परीक्षार्थीको प्रासाङ्क र विवरण कम्प्युटर इन्ट्री | १ | १०।- | प्रति विद्यार्थी |



CamScanner